राष्ट्रिय दैनिक

प्रतिदिन

PRATIDIN NATIONAL DAILY

कोरोना संक्रमणबाट मुक्त भएपछि पनि ढुक्क नबनौ

- श्वास फेर्न धेरै गान्हो भए,
- निद्रा नलाग्ने, झर्को लाग्ने, तनाव महशुस भए,
- धेरै थकाई र कमजोरी महसुस भए,
- एकाएक रक्तचाप घटवढ भए,
- थोरै हिंड्दा स्वाँ-स्वाँ बढे,

सचेत बनौं र नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न ढिला नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१३ ।। अङ्क : १८८ ॥ २०७८ भाद्र २५ गते शुक्रबार (10th Aug 2021 Friday) **Pratidin** National Daily dNo-?÷%÷-

कुवेतमा ढिस्कोले पुरिएर दुई झापालीको मृत्यु

झापा (प्रस) । बैदेशिक रोजगारका लागि कुवेत गएका झापाका दुई व्यक्तिको ढिस्कोले पुरिएर मृत्यु भएको छ । मृत्यु हुनेमा बिर्तामोड १० विराटपोखरका ३८ वर्षिय यामबहादुर कटुवाल र बाह्रदशी ५ फूलबारीका ४६ वर्षिय सुकलाल राजवंशी रहेका छन् । कुवेतको लिमाक इन्टरनेशनल कम्पनीको लागि त्यहाँस्थित कुवेत अन्तर्राष्ट्रिय एयरपोर्टको टर्मिनल २ मा काम गर्दै गरेका उनीहरुको बुधबार ढिस्कोले पुरिएर मृत्यु भएको हो । ढिस्कोले पुरिएर अर्का एक घाइते भएका छन् । ढिस्कोले तीनजना पुरिएका थिए । उनीहरुलाई करीब ४ घण्टा लगाएर उद्धार गर्नेक्रममा एकजना जीवितै र दुईजना मृत फेला परेको कुवेतको अरब टाइम्सले जनाएको छ । कटुवाल २ बर्ष १० महिनाअघि दुबई ओभरसिजमार्फत कुवेत गएका थिए । उनी यहि दशैंमा छुट्टी मिलाएर घर आउने भएका थिए । 'अचानक बिहीबार बिहान ६ बजेतिर त्यस्तो खबर आयो' उनका बुवा दुर्गा कटुवालले भने । हामी छोराको शब कुरेर बसेका छौं ।' मृतक कटुवालका माइला दाजु पनि हाल सोही कम्पनीमा कुवेतमै कार्यरत छन् । सोही दुर्घटनामा बाह्रदशी ५ फूलबारीका राजवंशीको पनि मृत्यु भएको हो । उनी केही वर्षदेखि कुवेतमा कार्यरत थिए । उनी पनि दुबई ओभरसिजमार्फत कुवेत गएका थिए । बैदेशिक रोजगारीका क्रममा राजवंशी धेरै वर्षदेखि विदेशमा थिए । उनको श्रीमती , एक छोरा र एक छोरी रहेका छन् । ढिस्कोले पुरिएर मृत्यु भएपछि राजवंशीको परिवारमा रुवाबासी चलेको छ । घरका सबै सदस्यहरु शोकाकुल बनेको छिमेकी दिपेश राजवंशीले बताए । त्यस घटनाका बारेमा आफूलाई जानकारी नभएको झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले बताए । उनले त्यसबारेमा परराष्ट्र मन्त्रालयसँग समन्वय गरिने बताए ।' परराष्ट्र मन्त्रालयसँग समन्वय गरेर घटना बुझ्ने छौं 'उनले भने ,'मृतकहरुको शव झिकाउन पहल गर्नेछौं ।'

नगर अधिवेशनमा अर्को टीमको उम्मेद्वारी घोषणा

बिर्तामोड (प्रस) । नेपाली काँग्रेसको बिर्तामोड नगर अधिवेशनका लागि अर्को टीमले उम्मेद्वारी घोषणा गरेको छ ।

बिर्तामोड ४ का वडाध्यक्ष कुलप्रसाद संग्रौला नगर सभापति उठ्ने गरी अर्को टीमको उम्मेद्वारी घोषणा भएको हो । जसको उपसभापतिमा बलराम कार्की, पशुपति राजवंशी , सचिव अच्युत दाहाल , दिपेन्द्र राउत तथा सहसचिवमा धर्मेन्द्र सिटौला र अमोद दाहाल उठ्ने भएका छन् । विगतमा पार्टीभित्र देखिएका विविध कमीकमजोरी , नातावाद , कृपावाद , रिक्तता र तिक्तता जस्ता क्रियाकलापहरुलाई पूर्णरुपमा चिर्न आफूहरुको उम्मेद्वारी भएको जारी प्रेस विज्ञप्तिमा भनिएको छ । त्यस टीमले विभिन्न १० वटा कार्ययोजना पनि सार्वजनिक गरेको छ । यसअघि वर्तमान नगर सभापति तथा बिर्तामोड ३ का वडाध्यक्ष भोजराज सिटौलाले आफ्नो नेतृत्वको टीमको घोषणा गरिसकेका छन् । जसको उपसभापतिमा सूर्यप्रसाद कन्दङ्वा , राजकुमार राजवंशी , सचिव उत्तम खनाल , दिवाकर प्रसाई , सहसचिवमा दिनेश पराजुली रहेका छन् ।

भद्रपुर सभापतिका लागि प्रसाईको उम्मेद्वारी

भद्रपुर (प्रस) । नेपाली काँग्रेसका संस्थापक नेता वीपी कोइरालाको १०८ औं जन्म जयन्तीको अवसर पारेर भद्रपुर नगर काँग्रेसको नेतृत्वका लागि युवा नेता भरत प्रसाईले उम्मेद्वारी घोषणा गरेका छन् ।

आसन्न नगर समितिको निर्वाचनमा उम्मेद्वार भएको घोषणा गर्दै प्रसाईले युवा पुस्ता नेतृत्व लिन सक्षम रहेको दावी समेत गरेका छन् । भद्रपुर ७ का स्थायी बासिन्दा रहेका प्रसाई नेपाल विद्यार्थी संघबाट राजनीति सुरू गर्दै पार्टीमा २८ बर्षदेखि सकृय रहेको बताउँछन् । उनले नेपाली काँग्रेस प्रशिक्षण प्रतिष्ठान झापा जिल्लाका सचिवको भूमिका समेत निर्वाह गरिरहेका छन् । नेपाल जेसीजका पूर्व राष्ट्रिय महासचिवको नेतृत्व गरिसकेका प्रसाई प्राध्यापन र वकालत पेशामा संलग्न रहेका छन् ।

भद्रपुर काँग्रेसको नेतृत्वका लागि उपसभापति ज्ञानबहादुर चौहान, सचिव राम कँडेल, महिला नेतृ शर्मिला अधिकारी, भद्रपुर ५ का वडाध्यक्ष बन्धु कार्की, साविक पृथ्वीनगर गाउँ सभापति मनकुमार कोइराला र साविक महेशपुर गाउँ सभापति मदनबहादुर बस्नेतले समेत आकांक्षीका रूपमा दावी गर्दै आएका छन् ।

राष्ट्रियता लोकतन्त्र समाजवाद

नेपाली कांग्रेस

१४ औं महाधिवेशन: २०७८

हामी प्रतिबद्ध छौं - एक व्यक्ति एक पद , एक व्यक्ति एक कार्यकाल

नेपालमा लोकतन्त्र एवं नागरिक अधिकारको स्थापनाको निम्ति आफ्नो ज्यान उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। नेपाली काँग्रेसको १४ औं महाधिवेशन अन्तर्गत सम्पन्न भैसकेको वडा अधिवेशनबाट निर्वाचित हुनुभएका सम्पूर्ण वडा सभापति लगायत वडा समितिका पदाधिकारी , सदस्यहरु तथा क्षेत्रीय प्रतिनिधिहरुमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

आदरणीय वडा सभापति तथा क्षेत्रीय प्रतिनिधि साथीहरु ,

महामानव बिश्वेश्वर प्रसाद कोइरालाले प्रतिपादन गर्नुभएको प्रजातान्त्रिक समाजवादको निर्दिष्ट सिद्धान्तलाई आत्मसात गर्दै नेपाली काँग्रेसलाई हाम्रो नगरमा अझै सशक्त , जुझारु र गतिशील बनाउँदै स्थानीय नागरिक, पार्टीका समर्थक, शुभचिन्तक एवं काँग्रेसका प्रतिबद्ध कार्यकर्ताहरुको भावना एवं चाहना अनुरुप अगाडी बढाउनुपर्ने महान अभियानमा हामी होमिएका छौं । विगतमा पार्टीभित्र देखिएका विविध कमीकमजोरी , नातावाद , कृपावाद , रिक्तता र तिक्तता जस्ता क्रियाकलापहरुलाई पूर्णरुपमा चिर्न हामी निर्वाचित सम्पूर्ण प्रतिनिधिहरु अब यस महान अभियानका पक्षमा उभिन एवं सामेल हुन अत्यन्त जरुरी भएको छ । यसैक्रममा यही मिति २०७८ भाद्र २८ गते हुन गइरहेको नेपाली काँग्रेस बिर्तामोडको नगर अधिवेशनमा यस अभियानको तर्फबाट निम्न अनुसारका पार्टीप्रति निष्ठावान , क्षमतावान तथा योग्य उम्मेद्वारहरुको छनौट गरी जुझारु , गतिशील एवं कुशल नेतृत्वको टीम निर्माण गरी अनुमोदन गर्न यहाँहरुसमक्ष आएका छौं । हामीलाई बिश्वास छ तपाईहरुले आत्मा साक्षी राखी विधि र पद्धति पक्षधर हाम्रो टीमलाई अत्याधिक मतका साथ आगामी दिनमा नगरलाई नेतृत्व गर्ने जिम्मेवारी प्रदान गर्नु हुनेछ ।

हाम्रा उम्मेदवारहरु:

कुल प्रसाद संग्रौला – नगर सभापति उम्मेदवार
बलराम कार्की – उप-सभापति उम्मेदवार
पशुपति राजवंशी – उप-सभापति उम्मेदवार
दिपेन्द्र राउत – सचिव उम्मेदवार
अच्युत दाहाल – सचिव उम्मेदवार
धर्मेन्द्र सिटौला – सह-सचिव उम्मेदवार
अमोद दाहाल – सह-सचिव उम्मेदवार

हाम्रा कार्ययोजनाहरु:

१. नेपाली काग्रेस झापाका नेता तत्कालीन जिल्ला सचिव स्व.लक्ष्मण खड्काको सपनालाई साकार पार्न उहाँकै परिवारजनबाट पार्टीलाई प्राप्त भएको जग्गामा एक वर्षभित्रै नेपाली काग्रेस नगर कार्य समितिको सुविधायुक्त भवन निर्माण गरिनेछ । त्यसैगरी हाम्रो पार्टीका होनहार, कुशल र लोकप्रिय नेताहरु क्रमशः स्व. दिपेन्द्र पोखरेल र स्व. पर्शुराम सिटौलाको योगदानलाई स्मरण एवं कदर गर्दै पार्टीलाई अगाडी बढाइनेछ ।

२. समानुपातिक एवम् समावेशिताको सिद्धान्तलाई पूर्ण रुपमा लागु गर्दै हाम्रालाई भन्दा राम्रालाई योग्यता एवम् क्षमताको आधारमा उचित मुल्याङ्कन गरी अवसर एवम् जिम्मेवारी प्रदान गरिनेछ ।

३. बिर्तामोड कांग्रेसलाई गुट,उपगुट, नातावाद र कृपावादबाट टाढा राखी कार्यकताहरुलाई समेत अपनत्व हुने साझा चौतारी बनाईनेछ ।

४. विशेषगरी पार्टीमा युवाहरुको आकर्षण वढाउन विविध रचनात्मक कार्यहरु गरिने साथै ती कार्यहरुको जिम्मेवारी युवाहरुलाई नै दिइनेछ ।

५. आगामी स्थानीय , प्रदेश तथा संघीय निर्वाचनलाई केन्द्रविन्दुमा राखी हाम्रो पार्टीको जीत सुनिश्चित गर्न प्रभावकारी भूमिका खेलिनेछ ।

६. पार्टीलाई योगदान दिने अग्रज एवं शहिद परिवारहरु प्रति उचित सम्मान दिइनेछ र पार्टी संचालनमा उहाँहरुको रचनात्मक सल्लाह एवम सुझावहरुलाई सदैव ग्रहण गरिनेछ ।

७. नगर मातहतका सम्पूर्ण समितिहरुलाई कार्यगत प्रशिक्षण दिई समय-समयमा अन्तर वडा विभिन्न प्रकारका रचनात्मक क्रियाकलापहरु संचालन गरिनेछ ।

८. वडा एवम् टोलका समस्याहरुको पहिचान गर्न, समस्याहरुको समाधान गर्न टोल एवम् वडा समितिहरुसँग निरन्तर अन्तर संवाद गरिनेछ साथै नगरका हरेक गतिविधिहरु टोल एवम् वडाबाट प्राप्त सल्लाह र सुझावका आधारमा गरिनेछ ।

९. सम्पूर्ण बिर्तामोड क्षेत्रको विकासका लागि पार्टीको दीर्घकालिन ठोस नीति तथा योजना बनाई सार्वजनिक गरिनेछ साथै सवै पक्षसँग सहकार्य गरी कार्यान्वयनमा लागिनेछ ।

१०. विगतदेखि नै हाम्रो पार्टीमा हावी भएको एकै व्यक्तिले एकै पदमा पटक-पटक जिम्मेवारी लिने प्रवृतिको अन्त्य गर्ने र एक व्यक्ति एक पद, एक व्यक्ति एक कार्यकालको सिद्धान्तलाई अक्षरंसः पालना गरिनेछ ।

११. बिर्तामोड नगर मुलतः औद्योगिक एवं व्यवसायिक क्षेत्र भएकोले बिर्तामोडका अग्रज उद्यमी व्यवसायीहरुको एक सल्लाहकार समिति बनाई सो समितिको सल्लाह सुझावलाई ग्रहण गर्दै पार्टी संगठनको हितका लागि कार्यान्वयन गरिनेछ ।

आदरणीय महानुभावहरु , हामीले यो अभियानलाई अगाडी बढाइरहँदा यो अभियान कोही कसैप्रति लक्षित नभएको तथा पार्टीमा हावी गलत प्रवृतिको अन्त्य गर्न विशुद्ध शुद्धिकरण र सुदृढीकरण अभियान मात्र भएको यहाँहरुलाई जानकारी गराउन चाहन्छौं। अन्त्यमा, हामीले माथि प्रस्तुत गरेका कार्ययोजनाहरु हामी निर्वाचित भएपछि पूर्णरुपमा कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं र कांग्रेस हुनुको गर्व हरेक कार्यकर्ता , समर्थक एवम् शुभचिन्तकहरुलाई महसुस गराउने समेत प्रतिवद्धता गर्दछौं ।

जय नेपाल

बिर्तामोड नगरपालिका, झापा

राष्ट्र राष्ट्रियता लोकतन्त्र समाजवाद

नेपाली कांग्रेस

१४ औं महाधिवेशन-२०७८

नेपाली कांग्रेसको चौधौं महाधिवेशन अन्तर्गत यहि भाद्र २७ गते हुन गइरहेको बिर्तामोड नगर अधिवेशनमा भोजराज सिटौला नेतृत्वको सिंगो टिमलाई अत्याधिक बहुमतले विजयी गराऔं ।

भोजराज सिटौला – नगर सभापति उम्मेदवार
सूर्य प्रसाद कन्दङ्वा – उप सभापति उम्मेदवार
राजकुमार राजवंशी – उप सभापति उम्मेदवार
उत्तम खनाल – सचिव उम्मेदवार
दिवाकर प्रसाई – सचिव उम्मेदवार
लव कुमार चौधरी – सह-सचिव उम्मेदवार
दिनेश पराजुली – सह-सचिव उम्मेदवार

- भावी दिनमा बलियो मजबुत, गुटरहित, व्यवस्थित र एकताबद्ध कांग्रेसको परिकल्पना
- स्थानीय निर्वाचनमा नेपाली कांग्रेसका उम्मेद्वारहरूलाई अत्याधिक बहुमतसहित निर्वाचित गराउने सुनिश्चितता
- नेपाली कांग्रेसको बिर्तामोड नगर कार्यालय भवन निर्माण गर्ने योजना
- पार्टीमा समान सहभागिता र समावेशिताको अनुभूति दिलाइने
- प्राप्त लोकतान्त्रिक गणतन्त्र र संविधानलाई मजबुत बनाउने संकल्प
- आम नागरिकको दुःखसुखमा साथ सहयोग गर्ने प्रतिवद्धता
- युवा तथा खेलकुदको क्षेत्रमा विकास गर्ने प्राथमिकता

सर्वोत्तम स्टिल विस्फोटमा ५ मजदुरको मृत्यु

झापा (प्रस) । वीरगन्जको सर्वोत्तम स्टिल उद्योगमा गत भदौ १० गते फलाम गलाउने भट्टी पड्किएर घाइते भएकामध्ये ५ मजदुरको उपचारका मृत्यु भएको छ ।

भारतको पटनास्थित एपोलो अस्पतालमा उपचाररत ६ जनामध्ये ५ जना मजदुरको मृत्यु भएको हो ।मृतक सबै ५ जना भारतीय नागरिक हुन् ।पटनामा उपचारका क्रममा भारतको बिहारका ५२ वर्षीय विनोद पाण्डे, बिहारकै २७ वर्षीय गगन नायक बिहारी, भारतकै उत्तर प्रदेशको खुशीनगरका ३२ वर्षीय धिरु सहनी, उत्तर प्रदेशकै लखनउका ३७ वर्षीय मानस परिदा र लखनउकै ३० वर्षीय रामपुकार यादवको मृत्यु भएको हो ।

पटनाको एपोलो अस्पतालमा उपचारका क्रममा ३ जनाको भदौ १६ गते र २ जनाको भदौ १८ गते मृत्यु भएको जानकारी बिहीबार मात्र पाएको पर्साका प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले बताए ।

पाण्डेले भने, 'हो ५ जनाको मृत्यु भएको रहेछ, भदौ १६ गते ३ जनाको र भदौ १८ गते २ जनाको मृत्यु भएको हो, तर यो जानकारी बिहीबार मात्रै भएको हो ।'

घटनाको वास्तविकता लुकाउने प्रयासमा उद्योग:

भट्टी विस्फोटको घटना ढाकछोपको प्रयासमा सुरुदेखि नै लागेको उद्योग व्यवस्थापन पक्षले ५ जना मजदुर हरुको मृत्यु भइसकेको भए पनि आधिकारिक रुपमा जानकारी नै दिन मानेको छैन ।

बिहीबार साँझ उद्योगका महाप्रबन्धक गुरुप्रसाद चौधरीको प्रतिक्रिया लिन खोज्दा उनी सम्पर्कमै आउन चाहेका छैनन् । पटक पटक फोन सम्पर्कमा गर्दा उनी यस विषयमा बोल्नै चाहेका छैनन् ।

घटना भएकै दिन पनि घटनास्थलमा संचारकर्मीलाई समेत जान नदिई उद्योगको मूल गेटबाटै उद्योग व्यवस्थापनले फर्काइदिएको थियो । त्यसपछि वीरगन्जमै सुविधा सम्पन्न ठूला अस्पतालहरु भए पनि घटनाको वास्तविकता बाहिर सार्वजनिक नहोस् भनेर उद्योग व्यवस्थापनले घटना भएकै दिन ६ जना मजदुरलाई उपचारका लागि भन्दै रातारात भारतको पटना लगेको थियो ।

घटना भएकै दिन वीरगन्जको अस्पतालमा उपचारत मजदुरले संचारकर्मीलाई उद्योगकै लापरवाहीका कारण भट्टी पड्किएर आगो लागेको रहस्य खोलेपछि त्यही दिन रातारात ती मजदुर सहित ६ जना घाइतेलाई

रातारात पटना लगिएको थियो।

स्थानीय प्रशासन पनि उद्योगसँग मिलेको आशंका:

घटनाको वास्तविकता लुकाउन उद्योग व्यवस्थापनको प्रयासलाई स्थानीय प्रशासनले पनि साथ दिएको आशंका गरिएको छ । नेपाली उद्योगमा भएको घटनामा घाइते ५ जना मजदुरको एक साता पहिले नै मृत्यु भए पनि यस बारे स्थानीय प्रशासनले भने सामान्य जानकारी समेत राखेको छैन।

पर्साका प्रमुख जिल्ला अधिकारी पिताम्बर घिमिरेले ५ जना मजदुरको मृत्यु भएको खबर आफूले पनि सुनेको तर आधिकारिक रुपमा जानकारी आफूलाई नआएको बताए । उनले भने, 'मैले पनि मौखिक रुपमा मात्रै सुनेको छु, आधिकारिक रुपमा कसैले मलाई जानकारी गराएको छैन, अब म यस बारेमा उद्योग व्यवस्थापनसँग बुझ्छु ।

भदौ १० गते उद्योगमा घटना भएपछि वीरगन्जको अस्पतालमा उपचाररत मजदुरसँग आफूले अस्पतालमै भेटेको र त्यसपछि ६ जना घाइतेलाई उपचारका लागि उद्योग व्यवस्थाप आफैँले लिएर गएको उनले बताए । त्यसपछि आफूले यसबारेमा अरु थप जानकारी नलिएको पनि उनले बताए । वीरगन्ज २२ जगरनाथपुर मनियारीस्थित हालै सन्चानलमा आएको सर्वोत्तम स्टिल उद्योगमा भदौ १० गते दिउसो उद्योगकै लापरवाहीका कारण फलाम पगाल्ने भट्टी पड्किएर आगो लाग्दा १५ जना मजदुर घाइते भएका थिए ।

तीमध्ये गम्भीर घाइते ६ जनालाई नेपालमा उपचार नगराई उद्योग व्यवस्थापनले उपचारका लागि भदौ १० गते राति नै भारत बिहारको पटना लगेको थियो । अन्य ९ जनाको भने वीरगन्जकै नारायणी बयोधा अस्पतालमा उपचार गरिएको थियो । भदौ १० गते घटना भएको दिन वीरगन्जको वयोधा अस्पतालमा उपचारत मजदुरहरुले उद्योग व्यवस्थापनकै लापरवाहीका कारण भएको घाइते मजदुरले खुलासा गरेका थिए ।

अस्पतालमा उपचाररत घाइतेमध्येका एक मजदुरका अनुसार भदौ १० गते बिलेट उत्पादनका लागि फलाम पगाल्ने भट्टामा कबाडी फलामहरु खन्याउने क्रममा एलपिजी ग्याँस सिलिण्डर पनि परेको त्यही सिलिण्डर पड्किएर विस्फोट भएको थियो ।

ती घाइतेले भनेका थिए, 'भट्टामा फलामजन्य कबाडहरु हाल्ने क्रममा कबाडसँगै ग्याँसको सिलिण्डर पनि पर्यो अनि त्यही सिलिण्डर पड्किएर भट्टा विस्फोट भई आगोको लप्कामा हामी पर्यौं ।'

कबाडी फलामबाट बिलेट उत्पादन गर्दैआएको खुलासा:

नेपालमा रहेका अरु स्टिल उद्योगले बिलेट आयात गरेर फलामको डण्डी उत्पादन गर्दैआएका छन् । तर व्यपारिक घराना सौरभ समूहले गत साउन ५ देखि सन्चालनमा ल्याएको देशकै सबै भन्दा ठूलो स्टिल उद्योग सर्वोत्तम स्टिल उद्योगले भने आफैँ बिलेट उत्पादन गरेर त्यसबाट फलामको डण्डी पनि उत्पादन गर्दैआएको छ।

उद्योग सन्चालकले फ्रेस फलाम जन्य कच्चा पदार्थबाट बिलेट उत्पादन गर्दैआएको दाबी गरेर प्रचार प्रसार गर्दैआएको छ ।तर भदौ १० गते घटना बारे सन्चारकर्मीलाई जानकारी दिने क्रममा घाइते मजदुरले उद्योगले बजारबाट संकलन गरी पुराना खिया लागेका पुराना स्क्रेप (कबाडी फलाम) खरिद गरेर बिलेट र डण्डी उत्पादन गर्दैआएको खुलासा गरेका थिए।

कांग्रेस दमकमा प्रसाई नेतृत्वको उम्मेद्वारी घोषणा

दमक (प्रस) । नेपाली कांग्रेस दमकको भदौ २७ गते हुन गईरहेको नगर अधिवेशनको निर्वाचनमा सभापतिका प्रत्यासी प्रकाश प्रसाईको समूहले पदाधिकारीमा प्यानल उम्मेदवारी घोषणा गरेको छ ।

आफ्ना समूहलाई नगर निर्वाचनमा विजयी गराउन उद्घोषसहित प्रसाई नेतृत्वको समूहले उपसभापतिद्वयमा युवराज (सागर) खनाल र मीना कोइराला , सचिवद्वयमा नवराज ढकाल, दिनेश अग्रवाल,सहसचिवमा नवराज न्यौपाने र मणि लिम्बूलाई उठाएको छ ।

कांग्रेस नेता कृष्णप्रसाद सिटौला समूहनिकट मानिने सो समूहबाट प्रसाईले औपचारिक रुपमा प्यानल सार्वजनिक गर्ने तयारीमा रहेको छ । उम्मेद्वार प्रसाई पार्टीका वर्तमान नगर सचिव तथा दमक उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष समेत हुन् ।

यसैगरी नेवि संघका पूर्व जिल्ला सभापति समेत रहेका नगर सभापतिका प्रत्यासी पर्शुराम रिजालले पनि आफ्नो समूहबाट प्यानल उम्मेद्वारी घोषणा गरेका छन् ।

सो समूहले उपसभापतिद्वयमा प्रेम भट्टराई, सचिवमा रामचन्द्र अधिकारी ,सहसचिवमा विजय राई र मुना चापागाईलाई उम्मेद्वार बनाउने निर्णय गरेको छ ।

त्यसैगरी पार्टी सभापति रोशन विष्टले आफूसहित सचिवमा दिपेश दाहाललाई सचिवमा उम्मेदवारी दिने घोषणा गरेका छन् । सिटौला समूहबाट अलग भएका विष्ट कुनै समूहविना आफू सभापतिमा पुनःउम्मेदवारी दिने तयारीमा लागेका हुन् । नगर निर्वाचनमा वडाबाट निर्वाचित वडा सभापतिसहित क्षेत्रीय प्रतिनिधिहरुले मतदान गर्न पाउने छन् ।

बंगलादेशविरुद्ध नेपालको जित

झापा (प्रस) । बंगलादेशविरुद्ध मैत्रीपूर्ण महिला फुटबल खेलमा नेपाली टोलीले २-१ ले जित हात पारेको छ ।

दशरथ रंगशालामा सम्पन्न खेलको पहिलो हाफमै नेपालले २ गोल गर्दै अग्रता कायम गरेको थियो। नेपालका लागि खेलको १४ औं मिनेटमा सविता रानाले १ गोल गरिन् भने २३औं मिनेटमा प्रिती राईले १ गोल गरेकी थिइन् ।

बंगलादेशका लागि तोहुरा खातुनले ८३ औं मिनेटमा १ गोल फर्काएकी थिइन् ।नेपाल र बङ्गलादेशको राष्ट्रिय महिला टोली मैत्रीपूर्ण फुटबल दशरथ रङ्गशालामा साँझ ५ बजे सुरु भएको थियो। दुबै टोलीले अर्को खेल आगामी आइतबार खेल्नेछन् ।

नेपाली महिला फुटबल टोलीले यसअघि कतार, कुवेत र मलेसियासित मैत्रीपूर्ण खेल खेलेको थियो । नेपाली टोलीले उज्वेकिस्तानमा आयोजना हुने एएफसी महिला एशियन कप-२०२२ छनोटका तयारीमा रहेका बेला बङ्गलादेशसित मैत्रीपूर्ण फुटबल खेलेको हो । एशियन कप छनोटअन्तर्गत नेपाल समूह एफ मा छ । उक्त समूहमा हङकङ र फिलिपिन्स छन् ।

करेन्ट लागेर बिश्वासको मृत्यु

मोरङ (प्रस) । मोरङ ग्रामथान गाउँपालिका गिदनिया ५ का ३० बर्षीय सन्तोषको बिश्वासको करेन्ट लागेर मृत्यु भएको छ । बुधबार दिउँसो सवा १ बजे ग्रामथान ५ लवारेमा रहेको कुखुरा फार्ममा खाने पानी भर्न मोटर जोड्ने क्रममा करेन्ट लागेर बेहोस भएका बिश्वासको नोबेल अस्पताल विराटनगरमा उपचारको क्रममा दिउँसो २ बजे मृत्यु भएको हो । घटनाबारे थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

ट्याक्टर दुर्घटनाबाट चालकको मृत्यु, सहचालक घाईते

सोलु (प्रस) । सोलुखुम्बु थुलुङदुधकोशी गाउँपालिका ८ दिप्लीघाटमा लु ३त ५४५० नम्बरको ट्याक्टर आफै दुर्घटना हुँदा चालकको घटनास्थलमा नै मृत्यु भएको छ । मृत्यु हुनेमा ट्याक्टर चालक उदयपुर कटारी का २६ बर्षीय रमेश राउत रहेका छन् भने सहचालक खोटाङ ऐसेलुखर्क ३ का १८ बर्षीय प्रदिप दाहाल सामान्य घाईते भई स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भईरहेको छ ।

बुधबार दिउँसो १० बजे सल्लेरीबाट सोताङतर्फ जाने क्रममा आफै अनियन्त्रित भई सडकदेखि १० मिटर तल खसी दुर्घटना भएको थियो । घटनास्थलमा प्रहरी चौकी मुक्ली र जिल्ला प्रहरी कार्यालय सोलुबाट प्रहरी टोली खटि गई आवश्यक कानुनी प्रकृया पुरा गरी शव पोष्टमार्टमको लागि जिल्ला अस्पताल फाप्लु पठाईएको प्रहरीले जनाएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
... तपाईको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा
फोन नं ०२३-५४३५६४, ५४३७१४, ५४४०१०, Email: info@edb.com.np | URL: www.edb.com.np

२०७८ भाद्र १० गतेदेखि लागु हुने ब्याजदर

वचत निक्षेपको प्रकार	न्यूनतम मौज्दात	वार्षिक ब्याजदर
एक्सेल रेमिट खाता	०	६.५०%(त्रैमासिक ब्याज भुक्तानी)

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

बाह्रदशीको सभापतिमा बस्नेतको दावी

झापा (प्रस) । नेपाली कांग्रेसको १४ औ महाधिवेशन अन्तरगत २७ गते हुने गाउँ तथा नगर अधिवेशनमा इन्द्र बस्नेतले बाह्रदशी गाउँपालिकामा सभापति पदको उम्मेद्वारी घोषणा गरेका छन् ।

बाह्रदशी गाउँपालिका ५ का स्थायी बासिन्दा उनी परिचित छन् । लामो समयदेखि सामाजिक क्षेत्रमा समेत क्रियाशील बस्नेत वाह्रदशीमा लोकप्रिय नेता मानिन्छन् ।

उता सभापति पदमा टंक साहले समेत आकांक्षा राखेका छन् । उनी बाह्रदशी ३ का बासिन्दा हुन् ।

AMITY
For those who want to excel
Be Ambitious; Be At Amity
Amity Education Foundation
a purely English environment institution known for its modern infrastructure, conducive academic environment and excellent results in the school, +2 and BBS levels year after year
HAS A FEW MORE SEATS REMAINING IN CLASS XI
+2 Business Studies
Computer Science
Hotel Management
Get Registered Immediately
Tel.: 023-590762,541269
Mob: 9852642762, 9842626870 , 9842629372
amitycollegejhapa@gmail.com
www.amityedufound.com

गुणस्तरीय र सुलभ शिक्षा, कनकाईको प्रतिवद्धता
OLD IS GOLD
भर्ना खुल्यो
मेची अञ्चलमै पहिलोपटक २०३५ सालमा अंग्रेजी माध्यमबाट पठनपाठन शुरु भई कक्षा नर्सरीदेखि मास्टर्स डिग्रीसम्म सञ्चालन भइरहेको पूर्वकै ऐतिहासिक शैक्षिक प्रतिष्ठान कनकाई एजुकेशन फाउण्डेशन विर्तामोडमा शैक्षिक सत्र २०७८ को लागि एमवीएस प्रथम सेमेष्टर तथा कक्षा ११ को व्यवस्थापन, शिक्षा र मानविकी संकाय अन्तर्गतका विषयहरुमा नया भर्ना खुलेको सहर्ष जानकारी गराउछौं । सीट सीमित भएकोले समयमै भर्ना गरी आफ्नो भविष्य सुनिश्चित गर्नुहोस् ।
सम्पर्क :
०२३५४००५५, ०२३५४००९५ (क्याम्पस प्रशासन)
९८५२६७७४९९ (क्याम्पस प्रमुख)
९८४२६२६१३९ (प्राचार्य)
९८४२६५७९३८ (प्रशासकीय अधिकृत)
कन्काई एजुकेशन फाउण्डेशन

gj ;~rf/ uk kl+ln-åf/f kl/sflzt tyf gj ;~rf/ ckm ;]/dfdlbl/t sfof{ho ebk'/ a; :6]08 klZrd, uh'/d'v L6fh, latf{dfB -emfkf_ kmfg g+)@#-%$#*@) 0dfh pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

बीपीको योगदान अतुलनीय

महामानव बिश्वेश्वर प्रसाद कोइरालाको जन्म जयन्ती बिहीबार मनाइएको छ । नेपाली काँग्रेसका संस्थापक नेता बीपीलाई नै नेपाली साहित्यमा यौन मनोविज्ञान भित्र्याउने महत्वपूर्ण श्रेय जान्छ ।

नेपाली राजनीतिमा सबैले सधैं लिने नाममध्येको एक हो– बीपी कोइराला । विश्व राजनीतिमै चर्चित कोइरालाको जीवनको अर्को महत्वपूर्ण पाटो हो– साहित्य । नेपाली साहित्यमा उनको योगदानलाई अत्यन्त महत्वका साथ लिइन्छ । नेपाली साहित्यमा यौन मनोविज्ञान भित्र्याउने महत्वपूर्ण श्रेय पनि बीपीलाई नै जान्छ ।

राजनीतिक क्षेत्रमा गरिएको योगदानको विशेष चर्चा हुने गरे पनि उनले साहित्यका क्षेत्रमा दिएको योगदानको भने त्यही रूपमा चर्चा नगरिएको साहित्यका अनुसन्धानदाताहरू बताउँछन् ।

तत्कालीन समयमा कालजयी साहित्य सिर्जना गरी नेपाली साहित्यमा नवीनतम् चिन्तन, आयाम, परम्परा एवं र शैली भित्र्याउनुलाई अत्यन्त महत्वका साथ लिइएको छ ।

राजनीतिक रूपमा विशिष्ट छवि बनाउन सफल बीपीका साहित्य–राजनीतिक विचारबाट मुक्त भए–नभएको भन्ने सम्बन्धमा भने साहित्यकार एवं अनुसन्धानदाताका आ–आफ्नै तर्क छन् । बीपीको साहित्यमा राजनीतिक गन्ध नदेखिए पनि उनको 'एक रात' कथामा राजनीतिकर्मीको पीडालाई सामान्य रूपमा व्यक्त गरिएको कतिपयको तर्क छ ।

त्यस्तै कतिपय भने सोझो अर्थमा उनका साहित्यमा राजनीतिक गन्ध नदेखिए पनि व्यङ्ग अर्थमा ठाउँ–ठाउँमा राजनीति मिसिएको बताउँछन् । कोइरालाका 'तीन घुम्ती', 'सुम्निमा', 'नरेन्द्र दाइ', 'हिटलर र यहुदी', 'मोदीआइन' र 'बाबु, आमा र छोरा' उपन्यास छन् । उनका दोषी चस्मा र श्वेतभैरवी कथा–सग्रहका साथै 'आफ्नो कथा' र 'जेल जर्नल' जीवनीमूलक कृति प्रकाशित छन् । कोइरालाका नेपाली र हिन्दी भाषामा गरी ३० वटा कथा छन् । बीपी कोइराला एकजना चिन्तनवादी राजनीतिज्ञ रहेका थिए । बीपीको समाजवादी चिन्तन काँग्रेसको लागि मात्र नभएर कम्युनिष्टको लागि पनि आदर्श बनेको छ । बीपीले देखाएको बाटो अनुशरण गर्नसके नेपाल र नेपाली समाजले धेरै रुपान्तरण गर्न सक्ने थियो ।

समृद्ध मुलुक, सुदृढ राष्ट्रिय सुरक्षा

• सुरेन्द्रसिंह रावल

राष्ट्रिय सुरक्षा बहुआयामिक र संवेदनशील विषय हो । यसमा प्रतिरक्षालगायत राजनीतिक, आर्थिक, सामाजिक तथा मानवीय सुरक्षाका समग्र पाटाहरू पर्छन् । तर, मुलुकको सुरक्षालाई हेर्ने दृष्टिकोण र समझदारीको गहनता व्यक्ति, काल र परिस्थितिअनुसार फरक-फरक हुने गरेको पाइन्छ । यो आलेखमा कौटिल्यको अर्थशास्त्रमा उल्लिखित विषयवस्तुको आधारमा नेपालको राष्ट्रिय सुरक्षालाई हेर्ने जमर्को गरिएको छ ।

अर्थशास्त्र इसापूर्व दोस्रो शताब्दी र इसाको तेस्रो शताब्दीबीच कौटिल्यद्वारा लेखिएको मानिन्छ । उक्त ग्रन्थमा १५ खण्ड, १५० अध्याय तथा १८० विषयवस्तु समेटिएका छन् । संस्कृतमा लेखिएको सो पुस्तकलाई थुप्रै किसिमबाट अनुवाद गरिए पनि डा. शामशास्त्रीद्वारा सन् १९१५ मा गरिएको पहिलो र सन् १९२९ को चौथो अंग्रेजी अनुवादलाई विद्वान्हरूले सन्दर्भसामग्रीको रूपमा लिएको पाइन्छ । उक्त अनुदित अर्थशास्त्रको समग्र खण्डको विश्लेषण गर्दा करिब ७० प्रतिशत विषयवस्तु राष्ट्रिय सुरक्षासँग सम्बन्धित रहेको मुहम्मद साद र प्राध्यापक लिउ वेनसियाङले उल्लेख गरेका छन् ।

मुलुकको आर्थिक विकासलाई राष्ट्रिय सुरक्षाको मेरुदण्ड उल्लेख गर्दै यसले मुलुकको बार्गेनिङ क्षमता मात्र अभिवृद्धि नभई सेनाको विकासलाई पनि योगदान पुग्ने कौटिल्यको भनाइ छ । वास्तवमा जब मुलुक समृद्ध हुन्छ, राष्ट्रिय सुरक्षा स्वतः सुदृढ हुँदै जान्छ । जनता र अर्थतन्त्रलाई राष्ट्रिय सुरक्षाको हिसाबबाट सेनाभन्दा पनि माथि राख्छन्, कौटिल्य । जनता, अर्थतन्त्र र सेनाको सही तालमेल हुन सकेमा मात्र मुलुकको राष्ट्रिय सुरक्षा र आर्थिक विकास सँगसँगै अघि बढ्न सक्छ । सेनालाई 'दण्ड' र अर्थतन्त्रलाई 'कोष' भन्दै उनले देशको समुन्नतिका लागि 'कोषदण्ड'लाई जोड दिएको पाइन्छ । मुलुकका मूर्त र अमूर्त सबै स्रोतसाधनको समुचित उपयोग गरी राष्ट्रिय शक्ति अभिवृद्धि गर्नुपर्ने कौटिल्यको भनाइ छ । अर्थशास्त्रमा थुप्रै सिद्धान्तहरू समेटिएका भए पनि राष्ट्रिय सुरक्षाको प्रसंगमा 'मण्डल' र 'सप्तांग'का बारेमा अधिक चर्चा पाउँछौं ।

मण्डल सिद्धान्तअर्न्तगत मण्डल (गुट वा समूह)को केन्द्रमा एउटा राजाको परिकल्पना गरिएको छ, जो अन्य राज्यलाई जित्न उत्सुक रहन्छ । यस्तो राजालाई 'विजिगीषु' भनिन्छ । विजिगीषुको मार्गमा आउने पहिलो राज्य 'अरि' अर्थात् शत्रु हो । अनि, शत्रुसँग जोडिएको राज्य 'शत्रुको शत्रु' मानिन्छ, जो विजिगीषुको मित्र हुन्छ । आफ्नो 'नजिकको छिमेकी प्राकृत शत्रु' तथा 'शत्रुको शत्रु प्राकृत मित्र' हुन्छ भन्ने नै यो सिद्धान्तको सार हो । विजिगीषु आधुनिक 'हेजेमोन' जस्तै हो, जसले विभिन्न राज्यहरूसँग शत्रुता तथा मित्रताको आधारमा मण्डल तयार गर्छ । मण्डललाई आधुनिक राजनीतिक यथार्थवादको 'ब्यालेन्स अफ पावर' 'सेक्युरिटी डिलेमा' र 'एलायन्स'सँग तुलना गर्न सकिन्छ । कौटिल्यले 'उदासीन' अर्थात् तटस्थ राज्यको पनि वर्णन गरेका छन्, जसले विजिगीषुको रणनीतिमा भाग लिँदैन । त्यस्तैगरी, 'मध्यम' एक प्रकारको 'बफर' राज्य हो । जसको मुख्य ध्येय दुई शक्तिशाली राज्यको झडपबाट परै रहने र दुवैसँग राम्रो सम्बन्ध बनाइराख्ने हुन्छ । तर, मध्यम राज्यलाई आफूसँग मिलाउने विजिगीषुको सोच रहन्छ ।

हुन त वर्तमान सन्दर्भमा कौटिल्यको यो सिद्धान्तको उपयोगिता र औचित्य कति छ, यकिन भन्न सकिँदैन । तथापि, भारतीय जनता पार्टीलगायत अखण्ड भारतका दाबेदारहरूले मण्डल सिद्धान्तलाई बढी महत्व दिएको देखिएकाले यसलाई बुझ्न जरुरी छ । मण्डल सिद्धान्तको व्याख्या गर्दै केही भारतीयले नेपाललाई तटस्थ राज्यको रूपमा नभई मध्यम राष्ट्रको रूपमा हेरेको पाइन्छ ।यस्ता विचार राख्नेहरूको दृष्टिमा नेपाल र भारतबीचको १९५० को सन्धिका कारण नेपाल तटस्थ राज्य हुन सक्दैन, अपितु मध्यम राज्य हुन्छ भन्ने भनाइ रहेको छ । विगतमा नेपालको शान्तिक्षेत्रको प्रस्ताव पनि यिनै कारणले भारतले अस्वीकार गरेको हो । यदि यो मण्डल सिद्धान्तलाई नै मान्ने हो भने पनि नेपाल मध्यम राज्यबाट तटस्थ राज्यमा रूपान्तरण हुन १९५० को सन्धिलाई खारेज वा संशोधन गर्नुपर्ने देखिन्छ । जसरी कौटिल्य 'गरिबी मृत्यु हो' भन्ने कुरामा विश्वास गर्थे, त्यसरी नै उनी कुनै पनि मुलुक विदेशीको हैकममा रहेर कहिल्यै समृद्ध हुन सक्दैन र सार्वभौमिकता राष्ट्रको समृद्धिका लागि पूर्वसर्त हो भन्ने मान्यता राख्थे ।

मण्डल सिद्धान्तमा उल्लिखित 'उदासीन' राज्यले चुपचाप नबसी तटस्थता अपनाउँदै र सन्तुलन कायम गर्दै अघि बढ्ने परराष्ट्र नीति अवलम्बन गर्नुपर्छ । जसलाई यदुनाथ खनालले 'सन्तुलन' वा 'निरन्तर गतिशीलता' र लियो रोसले 'डाँइनामिक न्युट्रालिटी'का रूपमा पनि अर्थ्याएका छन् । तटस्थ रहन सकेन भने कौटिल्यकृत कूटनीतिमा नेपाल घुनझै पिसिन सक्ने सम्भावना रहन्छ । गोर्खा राज्यले एकीकरणको दौरान मण्डल सिद्धान्त उपयोग गरे पनि वर्तमान नेपालले सक्रिय सुरुआत गर्न सक्ने देखिँदैन, किनभने यो मुख्य रूपमा आधिपत्य जमाउन अग्रसर राष्ट्र (हेजमोन)ले प्रयोग गर्ने रणनीति हो ।

यद्यपि, नेपालले मण्डलअनुसार आफ्नो स्थान (अरि, मित्र, मध्यम वा उदासीन राज्यमध्ये आफूलाई कहाँ उभ्याउने) यकिन गर्नुपर्ने देखिन्छ । उनको अर्थशास्त्रको अर्को चर्चित सिद्धान्त 'सप्तांग' हो । उनका अनुसार राज्यका सात मुख्य अंग हुन्छन्- शासक, मन्त्रिमण्डल, जनता र भूमि, रणनीतिक पूर्वाधार, अर्थतन्त्र, सेना र मित्र । चाणक्यकालमा अहिलेजस्तो राष्ट्र-राज्यको परिकल्पना थिएन, तापनि मुख्य रूपमा यी सात तत्वहरू बलिया भएमा नै राज्यको सुरक्षा दह्रो हुने कुरामा शंका छैन ।

आधुनिक रणनीतिक शास्त्रमा पनि यिनैलाई राष्ट्रिय शक्तिको तत्वका रूपमा व्याख्या गरेको पाइन्छ । कौटिल्यद्वारा वर्णित पहिलो पाँच तत्वले आन्तरिक आयामलाई महत्व दिन्छ भने अन्तिम दुईले बाह्य पक्षलाई जोड दिन्छ ।

राष्ट्रिय सुरक्षाका सन्दर्भमा आन्तरिक सुरक्षालाई केन्द्रमा राख्नुपर्ने कुरालाई महत्वका साथ औँल्याइएको छ । जसमा देशभित्रका असन्तुष्टि र विग्रहलाई समयमै रोक्नुपर्ने विषयहरू प्रमुख छन् । अर्थशास्त्रमा मुलुकमा आइपर्ने खतरालाई चार प्रकारमा विभाजन गरिएको छ : (१) बाहिरी शक्तिले देशभित्र उत्पन्न गर्ने विपत्ति, (२) देशभित्रका जनता बाहिरी शक्तिसँग मिलेका कारण उत्पन्न हुने विपत्ति, (३) बाह्य शक्तिले मुलुकबाहिर नै गर्ने षड्यन्त्र र (४) देशभित्रकै तत्वले मुलुकभित्रै गर्ने षड्यन्त्र । यी चार आपत्तिमध्ये आन्तरिक विद्रोहलाई पहिले सम्बोधन गर्नुपर्छ भन्छन्, कौटिल्य । उनी भन्छन्, 'घरमा भएको साँपझैं देशभित्रैबाट हुने विद्रोह शत्रुको आक्रमणभन्दा धेरै नै खतरनाक हुन्छ ।'

भारतमा जवाहरलाल नेहरू, प्रणव मुखर्जी र शिवशंकर मेननजस्ता नेताहरू मात्र नभई समाजको एक हिस्सालाई चाणक्य नीतिले राम्रै प्रभाव पारेको देखिन्छ । स्वतन्त्र भएपछि भारतले पाकिस्तानसँग तीन युद्ध लडेको र थप दुईपटक आणविक शक्ति प्रदर्शनको संघारमा समेत पुगेको थियो भने चीनसँग एक युद्ध लड्नुका साथै तीनपटक अन्तर्राष्ट्रिय सीमामा झडपमा संलग्न भएको थियो । अफगानिस्तान, इरान, रुस, जापानजस्ता 'छिमेकीका छिमेकी'सँग भारतले सौहार्द्रपूर्ण सम्बन्ध कायम राखेको छ ।

भारतीय राष्ट्रिय सुरक्षाको यो प्रवृत्तिले अर्थशास्त्रको मण्डल सिद्धान्तसँग तादात्म्यता राख्छ । इतिहासको विभिन्न कालखण्डमा 'मध्यम' राष्ट्रबाट बाहिर निस्कन नेपालले प्रयत्न गरेको प्रशस्त उदाहरणहरू छन् । सन् १९५६ मा भारतीय राष्ट्रपति डा. राजेन्द्र प्रसादले नेपालको राजकीय भ्रमणका दौरान सम्बोधनमा 'भारतले नेपालको मित्रलाई भारतको मित्र तथा नेपालको शत्रुलाई भारतको शत्रु मान्छ' भन्ने अभिव्यक्ति दिएपछि त्यसको विरोधमा तत्कालीन राजनीतिक दलहरू नेपाली कांग्रेस, गोर्खा परिषद् र कम्युनिस्टहरू एकबद्ध भएका थिए ।

त्यस्तै, जवाहरलाल नेहरूद्वारा भारतीय पार्लियामेन्टमा सन् १९५९ मा दिइएको 'नेपालविरुद्धको आक्रमण भारतविरुद्धको आक्रमणसरह मानिने' अभिव्यक्तिमा बिपी कोइरालाले प्रतिवाद गरेका थिए । कहिले फरक सभ्यता भएका दुई विशाल छिमेकी राष्ट्रहरू चीन र भारतबीच सेतुको रूपमा त कहिले तटस्थ, असंलग्न, समदूरी वा समान मित्रता राख्ने राष्ट्रको रूपमा नेपालले आफूलाई प्रस्तुत गर्ने कोसिस गरेको छ ।

राष्ट्रिय सुरक्षाका सन्दर्भमा कौटिल्यको अर्थशास्त्रबाट नेपालले ग्रहण गर्नुपर्ने केही पाठ छन् । पहिलो, नेपालले तटस्थ राज्य बन्न हरसम्भव प्रयत्न गर्नुपर्छ, जसका लागि १९५० सन्धिको बाधा फुकाउन जरुरी छ । दोस्रो, आर्थिक विकास नै राष्ट्रिय सुरक्षाको भरपर्दो र दीर्घकालीन उपाय भएकाले त्यो नै मुलुकको प्राथमिकता हुनुपर्छ । तेस्रो, आन्तरिक खतरा घरमा लुकेको साँपझैं डरलाग्दो हुने भएकाले त्यसका लागि हेलचेक्याइँ नगरी पूर्ण तयारी गर्नुपर्छ ।

अन्यथा न्यायाधीश र वकिलहरूलाई समाजले बहिष्कार गर्ने दिन आउनेछ'

• डा. युवराज संग्रौला

निकै लामो समयदेखि न्यायपालिकाको जग भत्काउने कार्य निरन्तर भइरहेको छ । यो न्यायपालिकाभित्र र बाहिर दुवैतर्फबाट भइरहेको छ । एउटा यथार्थ वा सत्यलाई राम्रोसँग स्वीकार गरौं । उदाहरणको रूपमा ग्रहण पनि गरौं । अपराधिकृत राजनीतिका विरुद्ध, लोकतन्त्रको संरक्षणका लागि भारतको सर्वोच्च अदालतले निरन्तर गरिरहेको संघर्ष त्यो उदाहरण हो । नेपालको संविधानको धारा १३७ मा एउटा विचित्रको इजलासको व्यवस्थापन गर्ने धारा छ ।

त्यो हो 'संवैधानिक इजलासको व्यवस्था' । निवर्तमान मुख्यन्यायाधीश हरिप्रसाद पोखेलले न्याय र कानूनको इतिहासमा प्रयुक्त भएका शब्दहरूको खोजी गर्ने एउटा अन्वेषणात्मक कामका सिलसिलामा 'खाल' भन्ने शब्द भेट्नु भएछ । त्यसको अर्थ रहेछ 'इजलास' वा 'न्यायासन' । चारवटा पृथक अदालतहरू डिल्लीबजारमा स्थानान्तरण भएपछि त्यो अदालतलाई चार खाल भनिएको हो कि भनेर हामीले केही दिन पहिला छलफल गऱ्यौं । तर समयान्तरको क्रममा त्यो 'खाल' शब्द त जुवामा पनि प्रयुक्त हुन थाली 'जुवा खाल' पनि बनेछ ।

यस्तै हविगत अहिले 'संवैधानिक इजलास' को भएको हो कि भन्ने बहस शुरू भएको छ । यो अब इजलासका रूपमा कायम नरही विकृत अर्थ दिने खालका रूपमा 'संवैधानिक खाल' बन्न सक्ने खतरा सिर्जना भएको त होइन भन्ने प्रश्नले 'कोरोना भाइरस'कै रूप धारण गर्ने अवस्था देखिँदैछ ।

संविधान निर्माणका समयमा 'संवैधानिक अदालतको' निर्माण गर्नुपर्ने आवश्यकताका बारेमा छलफल भयो । तर त्यसका विरुद्धमा सर्वोच्च अदालतका त्यसताकाका न्यायाधीशहरूको अस्वीकृतिको लहर आयो । उहाँहरू नेताका वासस्थानसम्म लबिङ गर्न जानुभयो । दलका वकिल समातेर छुट्टै संवैधानिक अदालत होइन 'संवैधानिक इजलास' सर्वोच्च अदालतभित्रै स्थापना गर्ने व्यवस्था गर्न सफल हुनुभयो ।

त्यसरी उहाँहरूले सर्वोच्च अदालतलाई न्यायिक राजनीति (जुडिसियल पोलिटिक्स) गर्ने थलो वा खालमा परिणत गर्नुभयो । संवैधानिक अदालतले संविधानको व्याख्या गर्ने हो र संविधानसँग राजनीति अपरिहार्य ढंगले टाँसिएको हुन्छ भन्ने तथ्यलाई अस्वीकार गर्नुपर्ने कारण छैन । अर्थात्, संवैधानिक अदालतमा 'राजनीतिक बहस' लाई निषेध गर्न असम्भव हुँदैन ।

संवैधानिक अदालतलाई बाहिर राख्नुको यही अन्तर्य हो । तर संवैधानिक इजलासले नेपालको सर्वोच्च अदालतमा राजनीति प्रवेश गर्ने खुला ढोका निर्माण गरिदियो र समस्त न्यायपालिकालाई राजनीतिको केन्द्रमा रूपान्तरित गर्ने क्रम शुरू भएको छ । न्यायाधीशहरू नेताका पनि नेता हुन पुगेको अवस्था अहिले विद्यमान छ । व्यवसायिक, प्रशिक्षित र जीवनभरी न्यायाधीशकै रूपमा क्रियाशील न्यायाधीशहरूको मानमर्दन गर्ने कार्य भएको छ, र न्यायपालिका राजनीति गर्ने पार्टीका भूतपूर्व सदस्यहरूको परोक्ष नियन्त्रणमा पुगेको छ । राजनीतिक व्यवस्थापन गर्ने निकायका कामहरू न्यायपालिकाले गर्न लागेको देखिन्छ ।

धारा १३७ को (२) (क) र (ख) ले क्रमशः राज्यका तहहरूका बीचका विवाद र संसद् वा प्रदेशसभाका सदस्यहरूको निर्वाचन र अयोग्यताका प्रश्न रहेका विवाद हेर्ने प्रयोजनका लागि यो इजलास गठन गर्ने व्यवस्था गरेको हो । तर उपधारा (३) ले सर्वोच्च अदालतमा विचाराधीन कुनै संवैधानिक महत्त्वको प्रश्न समावेश रहेको विवादमा पनि प्रधान न्यायाधीशले संवैधानिक इजलास गठन गर्न सक्ने 'अतिरिक्त तर अपवादीय' क्षेत्राधिकार दियो । यो व्यवस्था नै न्यायपालिकाका लागि 'इबोला' भाइरस बन्दैछ । सर्वोच्च अदालतले यस व्यवस्थालाई सही ढंगले ग्रहण नगरी वा न्यायिक मनको सिद्धान्तविपरीत 'ताकतको आजमाइस' गर्ने अवसरको रूपमा ग्रहण गर्दै सर्वोच्च अदालतको अन्तर्निहित (इन्हेरेन्ट) क्षेत्राधिकारलाई अपभ्रंशसित गर्ने कार्य गरिरहेको छ ।

पूर्व प्रधानमन्त्री के.पी. ओलीले गरेको प्रतिनिधि सभाको विघटनको मुद्दामा जहाँ ५ वर्ष निरन्तर जनताको प्रतिनिधित्व गर्ने सांसदहरूको हक उल्लंघनको प्रश्न दावीका रूपमा रहेको थियो, त्यो विवादलाई जबर्जस्ती सर्वोच्च अदालतको नियमित (जेनरल) तथा अन्तर्निहित (इन्हेरेन्ट) अधिकार क्षेत्रबाट झिकी संवैधानिक इजलासमा राख्ने कार्य भयो ।

कानून व्यवसायीका मतान्तरलाई समेत विना तर्क वा औचित्य खारेज गरियो । त्यही प्रवृत्ति दोहोऱ्याउँदै संवैधानिक नियुक्तिसम्बन्धी अध्यादेशको विवादलाई पनि 'संवैधानिक इजलास' मा हालियो र एउटा गम्भीर संवैधानिक प्रश्न वा संकट सिर्जना गर्दै संवैधानिक इजलासलाई संवैधानिक खालमा परिणत गरियो । यसमा राजनीति प्रेरक तत्वको रूपमा क्रियाशील रहेको स्पष्ट छ ।

विवादमा स्वयं प्रधान न्यायाधीशलाई विपक्षी बनाइएको छ तर प्रधान न्यायाधीशले संवैधानिक इजलासको अध्यक्षता गर्नुपर्ने बाध्यात्मक संवैधानिक व्यवस्था छ । यसरी एउटा गम्भीर संवैधानिक त्रुटि जानाजानी निर्माण गरियो । यस विवादलाई प्रधानन्यायाधीश बाहेकका अन्य वरिष्ठ न्यायाधीशको अध्यक्षतामा सर्वोच्च अदालतको नियमित र अन्तर्निहित अधिकारक्षेत्र अन्तर्गत नराख्नुपर्ने कारण के थियो र शिवाय (१) ताकतको आजमाइस गर्ने प्रवृत्ति र (२) आफ्नो विवादमा आफैं न्यायाधीश हुन नहुने सर्वमान्य सिद्धान्तलाई चुनौती दिने प्रत्यक्ष चाहना । यो राजनीतिबाहेक के हो ? राजनीतिक दलहरू नैतिकताहीन कार्य गर्न हिच्किचाएनन् । अदालतले उनीहरूलाई त्यसो गर्न रोक्नुपर्ने दायित्व थियो । तर स्वयं न्यायपालिका त्यो राजनीतिक अनैतिकताको संरक्षक बन्ने बाटोतर्फ हिँड्न सक्ने खतरा प्रकट भएको छ ।

संविधानको व्याख्याको वर्तमान मान्यता

विश्वको संविधान व्याख्याका सिद्धान्तहरू क्रमशः परिस्कृत हुँदै आएका छन् । संविधानको मौलिक अभिष्टबाहेक बाहिर जानु हुँदैन र त्यो अभिष्ट 'प्रयुक्त ग्रन्थीय अभिव्यक्ति' मा सीमित रहनुपर्छ भन्ने मान्यताबाट पृथक 'सन्दर्भ'लाई हेर्दै संविधानको जीवन्त व्याख्या गर्नुपर्छ भन्ने सिद्धान्तको प्रभुत्व कायम भयो । तर एक्काइसौं शताब्दीले त्यसभन्दा अझ पर गएर 'संविधानको व्याख्या संविधानको व्यवस्थाको कार्यान्वयनलाई सहजता प्रदान' गर्ने मान्यताबाट निर्देशित रहनुपर्छ, भन्ने सिद्धान्तको प्रभाव अहिले कायम छ । अब प्रश्न गर्न सकिन्छ, के सर्वोच्च अदालतको वर्तमान संकट यही सिद्धान्तलाई परित्याग गर्दा सिर्जना भएको गैरसंवैधानिक त्रुटि होइन ? के न्यायाधीशहरूले संविधानको मर्मलाई उल्लंघन गर्ने छूट छ ? के न्यायाधीशहरूले राजनीतिलाई अदालतभित्र अजमाइस गर्न मिल्छ ?

इजरायली सर्वोच्च अदालतका न्यायाधीश आरोन वारक भन्छन्, 'न्यायाधीश दार्शनिक होइन । राजनीतिक वैज्ञानिक पनि होइन । ऊ न्यायाधीश हो । 'उनी थप्छन्, 'त्यसैले एउटा न्यायाधीशकै रूपमा मैले एउटा प्रश्न सोध्नुपर्छ । आधुनिक लोकतन्त्रमा न्यायाधीशको हैसियतमा मेरो भूमिका के हो ? पक्कै पनि मेरो भूमिका मसमक्ष विचाराधीन विवाद निरुपण गर्नु हो । देशको सर्वोच्च न्यायालयको सदस्यको जिम्मेवारी बहन गर्दै विवाद निरूपणमा लागू हुने कानून सुनिश्चित गर्नु हो, र मुद्दाको निर्णय देशको कानूनी व्यवस्था अनुरूप निर्णय गर्नु हो, तर त्यति प्रश्नले मात्रै पुग्दैन । मैले न्याय गर्दा अवलम्बन गर्नुपर्ने मापदण्ड के हुन् भन्ने प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ ।' के वारकको यी अभिव्यक्तिमा अन्तर्निहित भावनालाई बोक्न नेपालको सर्वोच्च अदालत तयार छ ?

आफैं विपक्षी भएको विवाद आफ्नै अध्यक्षतामा बसेको इजलासमा राख्दा, विवाद उठेपछि इजलासमा नरहने निर्णय गर्दा, अनि अर्को एकल न्यायाधीशको बेन्चले प्रधान न्यायाधीशले आफू नरहने निर्णय गरेपछि आफैं विपक्षी रहेको विवादमा उनी नरही संवैधानिक इजलास कायम हुँदैन भन्ने आदेश गर्दा आधुनिक लोकतन्त्रमा न्यायका कुन मापदण्डहरूको ख्याल राखिएको हो भन्ने कुरा न्यायाधीशबाट जनताले जान्न पाउने हक छ ।

न्यायलाई जुवा खेलमा हत्केलाले छाति पिटेझैं ठोक्न मिल्दैन । न्याय न्यायाधीशको निजात्मक विचार होइन । न्याय व्यक्तिको अधिकारसँग जोडिएको मुद्दा मामिलाको विषयवस्तु मात्र होइन । न्याय कानूनी राज्यको आधार हो । त्यसैले यसमा चलखेल र खेलाँची गर्न मिल्दैन । न्यायको मर्म न्यायापालिकाको इज्जत र मर्यादामा कायम रहेको हुन्छ । त्यसैले 'न्यायिक आचरणसम्बन्धी बेङ्लोर सिद्धान्त' ले घोषणा गरेको छ, 'न्यायपालिकाका सदस्यहरू (न्यायाधीश, वकिल र कर्मचारी)को भ्रष्टाचार, विसंगति र आचारहीन व्यवहारले न्यायपालिकामाथि सार्वजनिक विश्वास र कानूनी शासनलाई घात गर्दछन् ।'

यस सिद्धान्तले के पनि भनेको छ भने- 'आधुनिक लोकतान्त्रिक समाजमा

❖ बाँकी तेस्रो पृष्ठमा

अन्यथा...

न्यायपालिकाको नैतिक प्राधिकार र त्यसमाथिको जनविश्वास अपरिहार्य महत् वको विषय हो । न्यायपालिकाको मर्यादा, यसका सदस्यहरूको आचरण तथा सफा र स्वस्थ व्यवहारलाई जोड दिँदै यस सिद्धान्तले भनेको छ, 'अदालतहरू सक्षम र सुयोग्य हुनुपर्छ । निष्पक्ष हुनुपर्छ र तिनीहरूले आफ्नो कार्यसम्पादन गर्दा संविधानवाद र कानूनी शासनका सिद्धान्तलाई सधैँ आत्मसात गर्नुपर्छ । न्यायाधीशहरूले सामूहिक तथा व्यक्तिगत दुवै हैसियतमा आफ्नो न्यायिक पदलाई सार्वजनिक आस्थाको धरोहर ठान्नु पर्दछ र न्यायपालिकामाथि उच्च आस्था सुनिश्चित गर्ने कर्तव्य बहन गर्नुपर्दछ ।'

अझ यस सिद्धान्तले के पनि भनेको छ भने उच्च न्यायिक आचरण कायम गर्ने जिम्मेवारी सर्वप्रथम न्यायपालिकामाथि नै छ । न्यायाधीशले आफ्नो जिम्मेवारी सम्पादन गर्दा तथ्यको स्वतन्त्र मूल्यांकन र कानूनको नैतिक व्याख्या गर्दै बाहिरी हस्तक्षेप र प्रभावबाट मुक्त हुनुपर्दछ । कुनै किसिमका दबाब वा प्रलोभनबाट बसीभूत हुनु हुँदैन । उसले राजनीतिबाट सयौं गज पर रहनुपर्छ । न्याय गर्ने जिम्मेवारी जागिरले सिर्जना गरेको 'जागिरे दायित्व' मात्र होइन । मासिक तलबका लागि, वा राज्यका सुविधाको दोहन गरेर समाजमा आफूलाई 'माथिल्लो श्रेणीको मानिस' देखाउने लोभले कुनै व्यक्ति न्यायाधीश हुन पाउँदैन । यदि पैसा र सुविधा चाहिने हो भने क्यासिनोमा अफिसर हुनु राम्रो हुन्छ, लुगा पनि झिल्के लगाउन पाइन्छ । मनभित्र दूषित नियत, कलंकित चाहना र सामन्ती सोच बोकेर 'न्यायाधीशको आसनमा बस्नु स्वयंमा अपराध हो ।

तसर्थ एउटा न्यायाधीश (त्यो पनि सर्वोच्च निकायमा रहँदा) कार्यपालिका, व्यवस्थापिका, व्यपार जगत र राजनीतिक क्षेत्रबाट अलग रहने मात्र होइन, समग्र जनतालाई उसले यस्ता निकाय वा क्षेत्रबाट आफू पृथक रहेको प्रस्ट देखाउन सक्नुपर्छ । त्यो तटस्थता न्यायाधीश स्वयंले देखाएको छु भनी ठानेर मात्र हुँदैन बाहिरबाट हेर्ने मानिसले पनि त्यो ठान्नुपर्छ ।

न्यायाधीशको आचरण मानिसको आलोचना वा टिकाटिप्पणी बाहिर हुनुपर्दछ । न्यायाधीशले आफ्नो व्यावहारमा कुनै अस्वच्छता देखाउनु हुँदैन । 'न्यायाधीशले आफ्नो परिवारको सदस्यको संलग्नता रहेको मुद्दाको निरुपणमा सहभागी हुनुहुँदैन' भन्ने मान्यतालाई बेङ् लोर सिद्धान्तले 'न्यायिक स्वच्छता' को नैसर्गिक तत्वको रूपमा स्वीकार गरेको छ । यसको तात्पर्य आफैँ पक्ष/विपक्ष रहेको मुद्दा चै हेर्न मिल्छ भन्ने अर्थ निकालियो भने नेपालको न्यायपालिकाले अन्तर्राष्ट्रिय न्यायपालिकी समुदायमा सहभागिताबाट हात धुनुपर्ने अवस्था सिर्जना हुनेछ ।

नेपालमा एउटा अध्यादेशको सम्बन्धलाई लिएर दुईवटा गम्भीर न्यायिक विचलनका घटनाहरू घेटका छन् । पहिलो घटना हो, 'आफैं विपक्षी भएको विवादलई प्रधान न्यायाधीशले आफू समेत भएको इजलासमा राख्नु र इजलासमा कारवाही शुरू भई छलफल शुरू हुनु ।' दोस्रो घटना हो, 'प्रधान न्यायाधीश इजलासमा बस्नै पर्छ भनी रिट दर्ता हुनु, र सुनुवाइ हुनु, अनि एकल इजलासबाट प्रधान न्यायाधीश बाहेकको इजलासले सुनुवाइ गर्न मिल्दैन भनी आदेश गर्नु ।' न्यायिक इतिहासमा यो कति स्वाभाविक घटना हो ? चाणक्यले स्वर्गबाट यो घटना देखेर हाँस्दा हुन् । उनलाई लाज लाग्दो हो । अनि न्यायाधीशको परिभाषा बदल्ने कुरा सोच्दा हुन् । उनले त भनेका छन्, 'नातेदार, आफन्त र साथीहरूको मुद्दा पनि हेर्नु हुँदैन ।' अनि कसरी प्रधान न्यायाधीशले आफूविरुद्धको मुद्दा हेर्ने विचार गर्न सकेका होलान् ?

'न्यायाधीशहरूको भाषा केवल 'तर्कको भाषामा सीमित रहनुपर्छ' यो भनाइ अमेरिकी न्यायाधीश होम्सको हो । लामर स्मिथले भनेका छन्, 'जब न्यायाधीशले आफ्ना राजनीतिक विचार कानूनमा रोपण गर्ने दुस्साहस गर्दछ, तब न्यायिक दुरूपयोगको अवस्था त्यहीँ सिर्जना हुन्छ ।' के नेपालमा अहिले यस्तो भइरहेको छैन ? अदालत स्वच्छ र न्यायिक दर्शनमा केन्द्रित भयो भने राजनीति अदालतमा पस्दैन । तर जब अदालतमा न्यायिक दुरूपयोगको अवस्था सिर्जना हुन्छ, तब राजनीति अदालतको दैनिक विषयवस्तु बन्न जान्छ । राज्यका अरू दुई अंग अस्थायी हुन्छन् । तिनीहरूको गठन र विघटन भैरहन्छ । तर न्यायपालिका लोकतन्त्रको विवेक हो र स्थायी हुन्छ ।

अरू दुईवटा निकाय ध्वस्त भएपनि लोकतन्त्र रहन्छ । तर जब न्यायपालिका न्यायिक दुरूपयोगको संक्रमणबाट ग्रस्त हुन्छ, तब लोकतन्त्र मर्छ । के नेपालको न्यायपालिका आजका दिनमा न्यायिक दुरूपयोगको संक्रमणबाट अछुत छ ? भ्रष्टाचार छ भन्ने कुरा त स्वयं न्यायाधीशकै प्रतिवेदनबाट बोलिएको छ । देशमा इज्जत र मर्यादा भएका न्यायाधीशहरूको उन्मूलन त भएको होइन नि ! के यो संस्था जोगाउन उहाँहरूले बोल्ने बेला भएन र ? यदि स्वयं न्यायाधीशहरू बोलेनन् भने, उनीहरूको पनि आत्म शिथिल हुनेछ ।

अमेरिकामा इलिना कागनको मनोनयनका सम्बन्धमा सल्लाह दिन बोलाइएका जोहन मेकिनले लेखेका छन् । 'मैले के राय दिएँ भने एउटा योग्य न्यायाधीशका योग्यतामा उसको मर्यादित पहिचान, चरित्र, कानूनी तथा न्यायिक अवधारणागत दक्षता, अनुभव र न्यायिक प्रवृत्ति नै निर्णायक तत्व हुन् ।'

यी भन्दा बाहेक अरू केही योग्यता सारभूत योग्यता होइनन् । डिग्री त सबैले लिएकै हुन्छ । जुन इजलासले 'प्रधान न्यायाधीशले आफ्नै 'स्वार्थ बाझिएको' विवादमा न्यायाधीश हुनै पर्छ भन्ने चाहनाको आदेश दियो, त्यो इजलासको संवैधानिक जटिल विवादमा व्याख्याको अनुभव कति खारिएको हो ? न्यायपालिकाले यसको जवाफ जनतालाई दिनुपर्ने नैतिक बाध्यता छ । नदिने हो भने न्यायपालिका जनताका आँखामा तिरस्कृत हुन्छ ।

जोन मेकिन थप्छन्, 'सत्य निल्न तीतो गोली निले जस्तै गाह्रो हुन्छ । यसले कहिलेकाहीँ कठिनाइ सिर्जना गर्छ, अर्थात् बान्ता गराउँछ ।' तर यो सत्य निल्न न्यायपालिका बाध्य छ । 'मेरो देशको न्यायपालिकामा मेरो भरोसा रहने भन्ने अधिकार हरेक नेपालीको हो/छ ।' न्यायपालिका न्यायिक दुरूपयोगबाट ग्रस्त भएपछि सबैभन्दा पहिला नागरिकको स्वतन्त्रता मर्छ । त्यसपछि कानूनी शासनको अवधारणा मर्छ । अनि, सम्पूर्ण लोकतन्त्र मर्छ ।विगत केही वर्षभित्र न्यायपालिकाले राजनीति गर्ने र भ्रष्टाचारबाट धन कमाउने वकिलहरूलाई न्यायपालिकाभित्र न्यायाधीशका रूपमा स्वागत गऱ्यो । विगत केही वर्षमा न्यायाधीशहरूले ठूलठूला संस्था र व्यक्तिका पक्षमा निर्णय गरेको चर्चाले सञ्चारमाध्यम भरिए । विगत केही वर्षमा कतिपय 'न्यायाधीश र वकिल' विचौलियामा परिणत भए भनी प्रतिवेदन छापिए ।विगत केही वर्षमा जिल्ला अदालतमा न्यायाधीश रहेकाहरूका बेन्चमा उभिएर बहस गर्न नसक्ने मानिस उनीहरूका फैसलाको पुनरावेदन सुन्ने माथिल्ला अदालतमा न्यायाधीश भए । के यही होइन र न्यायिक दुरूपयोगको ज्वलन्त उदाहरण ? आम असल न्यायाधीश, वकिल, पत्रकारले अब त बुझ्ने बेला भएन र 'खरानीमा आगो बल्दैन, मरेका पोथीले अण्डा पार्दैन भनेर ।'

हामी हामीबाटै तथ्य कहिलेसम्म लुकाउन सक्छौं ? न्यायका साझा मान्यता नेपालमा बाँकी रहेनन् । न्यायिक समुदायले न्यायका बारेमा सोच्दा आजभन्दा एक दिन अघिल्लो दिनका बारेमा गम्भीर ध्यान दिएर विचरण गर्नुपर्छ । अन्यथा हिजोका दिनले आजको दिनलाई पनि पक्षघातको शिकार बनाउँछ । गीन्सवर्गले भनेका छन्, 'राजनीति जति भ्रष्ट भएपनि न्यायपालिका त्यसलाई रोक्ने भूमिकामा होइन, त्यसै खेलमा रमाउन थाल्यो भने मानिसको स्वतन्त्रता र संविधानको सार्वभौमिकता स्वतः लोप हुन्छन् ।'

कति छ अहिले सिधासाधा जनताको स्वतन्त्रता र संविधानको सार्वभौमिकता मर्न ? के नेपालको वर्तमान न्यायपालिका किसानका लागि, बिरामीका लागि, गरीबका लागि जीवित छ ? मलाई एकरत्ति शंका छैन, यो ती मानिसका लागि जीवित छैन । नेपालमा कार्यपालिका भ्रष्ट र शक्तिशाली बनेको छ । व्यवस्थापिका निस्क्रिय र बेकम्मा बनेको छ र न्यायपालिका जनआस्थाहीन र कुरूप बनेको छ । जाँड खाएर मातेकालाई होशमा ल्याउन सकिन्छ । मुर्खलाई सज्जन बनाउन सकिन्छ । तर कसैको अस्तित्व समाप्त भयो भने फेरि त्यो अस्तित्व फिर्ता ल्याउन सकिन्न ।

त्यसैले यदि नेपाली जनतालाई सक्षम न्यायपालिका चाहिन्छ भने आगो निभेर खरानीमात्र रहनुपूर्व दाउरा थपेर आगो जगाउनु पर्ने आवश्यकता छ । त्यसको उपाय हो, संविधानमा संशोधन गरी सर्वोच्च अदालत र उच्च अदालतलाई खाली गरौं । विचौलिया र राजनीतिक दलका सदस्यहरूलाई ससम्मान बिदा गरौं । त्यहाँ कार्यरत असल न्यायाधीशलाई पुनर्नियुक्ति गरौं ।

उच्च अदालतका योग्य र सक्षम न्यायाधीशलाई सर्वोच्चमा पदोन्नति गरौं । सर्वोच्चमा वकिलबाट न्यायाधीश नियुक्त गर्ने प्रचलन अपवादका रूपमा बाहेक बन्द गरौं । जिल्ला अदालतमा एक वरिष्ठ र दुई कनिष्ठ सहित तीनजनाको इजलासको व्यवस्था निर्माण गरौं । उच्च अदालतको फूलकोर्टबाट सिफारिश भएका मध्येबाट सर्वोच्चको फूलकोर्टबाट छानिएका न्यायाधीशलाई सर्वोच्च अदालतका न्यायाधीशमा नियुक्त गर्ने नयाँ प्रचलन निर्माण गरौं । यदि त्यसो होइन भने वर्तमान संविधानलाई सद् गत गर्न र पशुपति लैजाने दिनको प्रतिक्षा गरौं । राजनीतिक दलका नेताहरूका घरघरमा आगो लगाउन जाने हिंस्रक भीडको प्रतिक्षा गरौं । न्यायाधीशहरूलाई मानिसले बाटोमा हिँड्दाहिँड्दै ठोक्ने दिनको प्रतिक्षा गरौं । वकिललाई समाजले बहिष्कार गर्ने दिनको प्रतिक्षा गरौं । लोकतन्त्रको किरिया बार्नुपर्ने दिनको प्रतिक्षा गरौं । देशमा विदेशीको शासनको प्रतिक्षा गरौं । के अदालतलाई कतै गन्ध आएको छैन, उसका कारणले मानिसमा विद्रोहको चेत हुर्किएको होला भन्ने ?

वीपी जयन्तीमा कार्यक्रम

भद्रपुर (प्रस) । नेपाली राजनीति र साहित्यमा महत्वपूर्ण योगदान पुऱ्याएका प्रथम जननिर्वाचित प्रधानमन्त्री वीपी कोइरालाको १०८ औं जन्मजयन्तीको अवसर पारेर भद्रपुरमा विभिन्न कार्यक्रम गरिएको छ ।

नेपाली कांग्रेस भद्रपुर नगर समितिले भद्रपुर १० स्थित वीपी चौकमा कोइरालाको सम्झनामा कार्यक्रम गरेको हो ।

नगर सभापति मोहन महर्जनको सभापतित्व तथा प्रदेश सांसद ओमप्रकाश सरावगीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा कोइरालाको सम्झना गर्दै शालिकमा माल्यार्पण गरिएको थियो ।

नगर सचिव राम कँडेलले सञ्चालन गरेको कार्यक्रममा महिला संघ भद्रपुर उपसभापति तुलसा घिमिरेले स्वागत गरेकी थिइन् भने प्रमुख अतिथि सरावगीलगायतले कोइरालाको नेपाली समाजवादी आन्दोलनमा रहेको देनको चर्चा गरेका थिए ।

एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
NMB MICROFINANCE BITTIYA SANSTHA LIMITED

कर्मचारी आवश्यकता सम्वन्धी सूचना

(प्रकाशित मिति : २०७८/०५/२५)

नेपाल राष्ट्र बैंकबाट "घ"वर्गको इजाजत प्राप्त राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको एनएमबि बैंकको सहायक कम्पनीको रुपमा संचालनमा रहेको यस एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय बिर्तामोडको लागि प्रशिक्षार्थी सहायक करार पदमा केही कर्मचारी आवश्यक भएकोले इच्छुक योग्य उम्मेद्वारहरुलाई देहाय बमोजिमको कागजातहरु संलग्न गरी ७ दिनभित्र यस संस्थाको शाखा कार्यालय बिर्तामोड वार्ड नम्बर ३ बिर्ताबजार वा शाखाको (E-mailbirtamod@nmbmicrofinance.com) मार्फत आवेदन दिन आव्हान गरिन्छ ।

पद	सेवाको किसम	संख्या	आवस्यक न्यूनतम शैक्षिक योग्यता
प्रशिक्षार्थी सहायक	करार : करार सेवा ६ महिनाको हुनेछ, आवश्यकता अनुसार थप गर्न सकिनेछ ।	केहि	मान्यता प्राप्त शिक्षण संस्थावाट प्रमाण पत्र तह (+२) उत्तीर्ण, कुनै सहकारी संस्था वा लघुवित्तको क्षेत्रमा काम गरेका उम्मेदवारहरुलाई प्राथमिकता दिईनेछ ।

मोटरसाईकल एवं चालक अनुमतिपत्र भएका र कम्प्युटर सम्वन्धी दक्ष र जुनसुकै स्थानमा गएर निरन्तर फिल्ड भ्रमणमा जान तत्पर रहने स्थानीय उम्मेद्वारलाई मुख्य प्राथमिकता दिईनेछ ।

उमेर : १८ वर्ष पुरा भई ३० वर्ष ननाघेको ।
तलव तथा अन्य सुविधा : वित्तीय संस्थाको नियम अनुसार हुनेछ ।
अन्य जानकारी दरखास्त फारम : यस वित्तीय संस्थाको शाखा कार्यालयवाट प्राप्त गर्न सकिनेछ ।
आवदेन पेश गर्ने अन्तिम मिति : २०७८/०६/०१ गते कार्यालय समयभित्र ।
नोट : प्राप्त निवेदनहरुमध्ये कुनै वा सवै कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस वित्तीय संस्थामा निहित हुनेछ ।

शाखा प्रमुख

(प्रदेश नं.१) शाखा कार्यालय, बिर्तामोड फोन : ९८०७८६२७२९ ९८४७२०३२६७

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY

वर्गीकृत विज्ञापन

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर (शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९२६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६००१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६

विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

राशिफल

मेष: :कामको चापले धपेडी हुनसक्छ । निर्णय कार्यान्वयन हुन सक्दैन ।
वृष: मन भावुक र उत्ताउलो बन्ने छ । जोश, जाँगर र हिम्मत बढेर जानेछ ।
मिथुन : विपरीत वर्गबाट विशेष सहयोग मिल्नेछ । मन लागेको कुरा खरिद गर्न सकिन्छ ।
कर्कट : लाभ, हानी, सुख, दुःख बराबरी खालको समय छ । रोकिएको कामले गति लिनेछ ।
सिंह : मिष्ठान्न भोजनको अवसर मिल्नेछ । सामाजिक कार्यमा रुची बढ्ने छ ।
कन्या : जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । महत्वपूर्ण काममा व्यवधान आइपर्ला ।
तुला : सौन्दर्यतामा धन खर्च हुनेछ । बिनाप्रतिष्पर्धा फाइदा हुने योग छ ।
वृश्चिक: अनुहारमा कान्ति र मनमा शान्ति छाउने छ । नयाँ कार्यको योजना बन्ने छ ।
धनु : आज शुभकार्यको चर्चा चल्नेछ । व्यक्तिको सहकार्यले नयाँ अनभव मिल्नेछ ।
मकर : आँटेको र तोकेको कार्य पुरा होला । सवारी साधन प्राप्तिको योग रहेको छ ।
कुम्भ : विद्यार्थी वर्गको लागि पढाइमा प्रगति हुनेछ । धर्म, कर्ममा मन लाग्नेछ ।
मीन : प्रतियोगितात्मक कार्यमा सफलता हात पर्नेछ । वैदेशिक कार्य अघि बढ्ने छ ।